नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

फागुन/चैत्र २०७९ (March 2023) वर्ष २६/अङ्क २८९

## जागा बसौं र प्रार्थना गरौं

- पाष्टर अशोक मुखिया

**आफ्नो आशामा आनन्द गर, संकष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो (रोमी १२:१२) । वेदीमा आगो जलिरहोस, र त्यो निभ्न नपाओस् ।......वेदिमा आगो निरन्तर जली नै रहोस, त्यो कहिल्यै निभ्न नपाओस् (लेवी ६:१२ १३) ।**

हामीले संसारको अवस्था देखिरहेका छौं । चारैतिर अशान्ति, असुरक्षा डर, त्रास, चिन्ता, फिक्री, रोग, अभाव, अधर्म जस्ता निरासाजनक कुराहरू मात्र दख्ने, सुन्ने गर्छौं । संसारका अवस्था देख्दा वचनमा लेखिएका कुराहरू पुरा भइरहेको छ । यसैले पनि मण्डली सबै परिस्थितिमा स्थिर भई प्रार्थनामा जागा बस्नुपरेको छ । बाधा दिने, चिन्तित गराउने, निरास गराउने कुराहरू वरिपरि, भित्र बाहिर धेरै छ (हिब्रू १२:१-२) । यसैले कसरी हिंड्छौं ध्यानसँग हेर निबुद्धि मानिसजस्तो होइन तर बुद्धिमान् जस्तो । समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ । **यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ** (एफिसी ५:१५-१७) । योना झैं हामी नसुतौं (योना १:४-९, १ थेसलोनिकी ५:४-८) । मण्डलीलाई, देशलाई प्रार्थनाको धेरै खाँचो छ । यदि हामी जीवित परमेश्वरका छोराछोरीहरू नै सुस्त भयौं भने, अवस्था अझै बिग्रेर जानेछ (१ थेसलोनिकी ५:५-७) । यसैले पनि प्रार्थनामा जागा बसी मण्डली सधैं प्रार्थना गर्नेहरू हुन सकौं । प्रार्थना हामी गर्छौं, काम परमेश्वरले गर्नुहुन्छ । किनकि उहाँको नाउँमा सबै कुराहरूले घुँडा टेक्नुपर्छ (फिलिप्पी २:९-११) ।

**धर्मशास्त्र बाइबल परमेश्वरको वचनले के भन्छ ?**

**तिमीहरूका निम्ति प्रार्थना गर्न छोडेर परमप्रभुको अघि पाप गर्ने दिनचाहिँ मबाट परै रहोस् ...** (१ शमूएल १२:२३) । **जागा रहो, अनि प्रार्थना गर, र तिमीहरू परिक्षामा नपर । आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ** (मर्कूस १४:३८) ...धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ (याकूब ५:१६) ।

प्रार्थनाबिना इसाई जीवनको यात्रा अघि बढ्न सक्दैन । प्रार्थना इसाई जीवनको केन्द्र (मुटु) नै हो । यसैले प्रार्थना गर्नुपर्छ, गरिरहनुपर्छ र प्रार्थना गर्न रोकिनु हुँदैन (१ थेसलोनिकी ५:१७) । हामी परमेश्वरका छोराछोरीहरूलाई बाइबल धर्मशास्त्रमा नै जागा रहो, प्रार्थना गर, निरन्तर प्रार्थना गर, तिमीहरूको प्रार्थना नरोकिओस्, समय वा बेसमय सधैं जागा बस भनी प्रार्थनाको लागि जोड दिनुभएको छ (लूका २१:३४-३६) । यसैले पनि हाम्रो प्रार्थनाको जीवन हुनुपर्छ । प्रार्थनाबिनाको जीवन हामी कसैको पनि हुनुहुँदैन किनकि हामी साना, ठूला, पाको सबैले गर्न सकिने काम पनि प्रार्थनानै हो । ख्रीष्ट येशू आफै पनि परमेश्वर पितासँग एकान्तमा प्रार्थनामा धेरै समय बिताउनुहुन्थ्यो (मर्कूस १:३५, ६:४६) साथै उहाँ आफैले पनि हाम्रो निम्ति पितासँग प्रार्थना गर्नुहुन्छ ( हिब्रू ७:२४-२५) । उहाँले कहिल्यै पनि विश्राम लिनुहुन्न (भजनसंग्रह १२१:३-४) । उहाँलाई पुकारा गर्नेहरू सबैको नजीक हुनुहुन्छ (व्यवस्था ४:७, भजनसंग्रह १४५:१८) । हाम्रो प्रार्थना सुन्न कान खुल्ला राख्नुहुन्छ (१ पत्रुस ३:१२) ।

**प्रार्थनाको प्रकार:**

आफ्नो लागि गरिने प्रार्थना अर्जबिन्ती हो भने अरूहरूको लागि गरिने प्रार्थना अन्तरबिन्तीको प्रार्थना हो । उहाँले दिनुभएका प्रतिज्ञाहरूलाई सम्झेर धन्यवादको प्रार्थना चढाउन पनि सक्छौं फिलिप्पी (४:६, कलस्सी ४:२) साथै सुरक्षात्मक प्रार्थना मात्रै होइन आक्रमक प्रार्थना पनि गर्न सक्छौं (मत्ती १८:१८, २ कोरिन्थी १०:३-५, याकूब ४:७, १ पत्रुस ५:८-९) ।

**प्रार्थना के हो ?**

१. परमेश्वरसँगको कुराकानी (बातचीत) को समय हो
२. स्वर्गको भण्डार खोल्ने साँचो (चाबी) हो ।
३. परमेश्वरको उपस्थितिमा चूपचाप बसी बिताउने समय हो ।
४. परमेश्वरको इच्छा बुझ्ने र अगुवाइ खोज्ने माध्यम हो ।
५. परमेश्वरमाथि भर पर्नु (भरोसा गर्नु) हो ।
६. अन्धकारको विरुद्धमा खडा हुने अधिकार र शक्ति हो ।
७. परमेश्वरको प्रतिज्ञालाई दाबी गर्दै उहाँको सामु जाने समय हो ।
८. आत्मिक जीवनको स्रोत र शक्ति हो ।
९. मण्डलीलाई जीवित र सुरक्षित राख्ने शक्ति हो ।

**प्रार्थना के होइन ।**

१. प्रार्थना भनेको परमेश्वरसँग माग्नु मात्र र एकतर्फी बोल्नु मात्र पनि होइन साथै तयार गरेर लगेका विषयहरू परमेश्वरको अगि राख्नु मात्र पनि होइन तर पर्खनु, सुन्नु र उहाँको उपस्थितिमा चूपचाप बसी समय बिताउनु पनि हो ।
२. उहाँको उपस्थितिमा रही धन्यवाद दिनु र प्रशंसा गर्नु पनि हो ।
३. मागेको कुरा पाउनैपर्छ भन्ने होइन । परमेश्वरले जस्तो उत्तर दिनुहुन्छ, त्यसलाई स्वीकार गर्नु, ग्रहण गर्नु हो । जस्तैः परमेश्वरले पर्खन लगाउनुहुन्छ । होइन भन्नुहुन्छ साथै अझै प्रार्थना गर्नू भन्नुहुन्छ ।
४. प्रार्थना भनेको आफ्नो लागि माग्नु मात्र होइन तर अरूहरूको लागि पनि प्रार्थना गर्नु हो ।

**प्रार्थना कसरी गर्ने ?**

१. एक्लै एकान्तमा (मर्कूस १:३५) । बाटोमा हिंड्दा, ढल्कँदा, बस्दा मनमनै (रोमी १२:१२, १ थेसलोनिकी ५:१७) ।
२. दुईजना मिलेर (एकै मनको भएर) (मत्ती १८:१९-२०) ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **फागुन २७** March 11 | श्री विष्णु देउला | श्री सरुष तामाङ्ग | एल्डर सिद्धि खालिङ | श्रीमती माया लामा | श्री मिन ब. तामाङ्ग | एल्डर सीता गुरूङ्ग | पाष्टर रूबेन श्रेष्ठ | श्री श्रीराम सुर्खेती | श्री विश्वास थापा | एल्डर आनन्द न्यौपाने | एल्डर लाक्पा लामा |
| **चैत्र ४** March 18 | एल्डर दिनेश न्यौपाने् | डीकन राजु तामाङ्ग | डीकन युसुफ श्रेष्ठ | डीकन भूपाल तामाङ्ग | श्रीमती निशा तामाङ्ग | एल्डर ग्रेस खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन बाबु राम के.सी. | एल्डर वीर ब. खालिङ | एल्डर भुवन देवकोटा | पाष्टर प्रेम श्रेष्ठ |
| **चैत्र ११** March 25 | एल्डर अर्जुन ढकाल | एल्डर सुरेश पुर्कुटी | एल्डर पूर्ण सुनुवार | एल्डर दान ब. अधिकारी | ज्ञानेश्वर | पाष्टर घन श्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ | डीकन रूद्र राई | श्री जीवन खालिङ | श्री सिमोन लामा | संयुक्त सेवा डाँछी चर्च |
| **चैत्र १८** April 1 | पाष्टर अशोक मुखिया | डीकन कान्छा श्रेष्ठ | डीकन सुबोध अधिकारी | डीकनेस् रामदेवी सिल्पकार | श्री सुचन तामाङ्ग | पाष्टर बि.बि. खवास | डीकन सिमोन भण्डारी | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | श्रीमती रूथ राई | एल्डर लाक्पा लामा |

३. सानो झुण्ड वा ठूलो समूहमा सामूहिक मिलेर (प्रेरित १२:१२) ।
४. पवित्र आत्माको बप्तिस्मा पाएकाहरूले अन्य भाषामा पनि प्रार्थना गर्न सक्छौं (१ कोरिन्थी १४:२, रोमी ८:२६, एफिसी ६:१८) ।
५. प्रार्थनाको हिँडाई (Prayer Walk) २ जना वा ३ जनाको समूहमा गरी टोल, गाउँ, शहर कुनै क्षेत्रलाई लिएर पनि प्रार्थना गर्न सकिन्छ ।

### प्रार्थना किन गर्ने ?

यो परमेश्वरको आज्ञा हो । हामी परमेश्वरका छोराछोरी भएको हुनाले उहाँसँग माग्ने अधिकार हामीलाई छ (गलाती ४:६, यूहन्ना १४:१३-१४) । प्रार्थना इसाई जीवनमा स्वासप्रस्वास गरेझैं हो, परमेश्वरसँगको सम्बन्धमा रहिरहनको लागि मुख्य माध्यम पनि हो । जसले हामीहरूलाई परमेश्वरको नजीकमा सधैं राख्दछ (हिब्रू ४:१६) । तपाईं र मेरो प्रार्थनाको धेरै खाँचो छ (याकूब ५:१६) ।

### प्रार्थना गर्नुअघि जान्नुपर्ने कुरा

मैले कसको अघि वा कोसँग माग्दैछु (प्रार्थना गर्दैछु) र उहाँ को हुनुहुन्छ ? भनी जान्नुपर्छ । उहाँ एकमात्र पवित्र परमेश्वर हुनुहुन्छ । सबै कुरा उहाँको अधीनमुनि छ (कलस्सी १:१५-१८, एफिसी १:२०-२३, प्रकाश १:८, १८) । जसलाई हामी पिता भनी बिन्ती बिसाउन सक्छौं (मत्ती ७:७-११) ।

### प्रार्थना गरिनको लागि

१. विश्वास चाहिन्छ (विश्वास हुनुपर्छ) (हिब्रू ११:१-६, मत्ती २१:२२ र मर्कूस ११:२४) ।
२. नम्रतामा गरिनुपर्छ (लूका १८:९-१४)
३. प्रेममा गरिनुपर्छ (१ कारिन्थी १३:१, १६:४) ।
४. आज्ञाकारिता चाहिन्छ (यूहन्ना १५:७) ।
५. परमेश्वरको इच्छा पनि खोज्नुपर्छ (१ यूहन्ना ५:१४, मत्ती ६:९-१०) ।
६. पवित्रतामा गरिनुपर्छ (भजनसंग्रह ६६:१८, भजनसंग्रह ५१:१७, मत्ती २१:१२-१३) ।
७. एकै मनको पनि हुनुपर्छ (मत्ती१८:१९) ।

### प्रार्थनाको लागि ध्यान दिनुपर्ने कुराहरू:

प्रार्थना रीतिविधी मात्र पनि हुनु हुँदैन । अरूको प्रार्थनामा मात्र पनि जिउनु हुँदैन । आफैले पनि प्रार्थना गर्ने बानी बसाल्नुपर्छ । प्रार्थना गर्न थाक्नु हुँदैन साथै प्रार्थना स्वार्थमा पनि गरिनु हुँदैन । मण्डलीको सेवा संगति सभाहरूमा प्रार्थनाको अगुवाइ गर्दा मण्डली कुन सेवा संगति हो । त्यसअनुसार प्रार्थना गर्नुपर्छ । जस्तैः शुरूको प्रार्थना गर्दा सो सेवाको लागि आशिष् अगुवाइ उपस्थिति माग्नुपर्छ । तर शुरूदेखि आखिरीसम्मको कार्यक्रमको लागि प्रार्थना गरेर सिध्याउनु हुँदैन । झुण्ड वा समूहमा प्रार्थना गर्दा सबैले सुन्ने गरी प्रार्थना गर्नुपर्छ जसले गर्दा सबैले आमेन भन्न सकोस् । मण्डलीको प्रार्थना सभाहरूमा अगुवाइ गर्ने व्यक्तिले प्रार्थनाको समय प्रार्थनामानै बिताउनुपर्छ । कसैले प्रार्थनाको अगुवाइ गर्दै हुनुहुन्छ भने सो प्रार्थना सुन्नुपर्छ अनि अन्तमा सबैले आमेन् भन्नुपर्छ । तर सबैले समूहमा सामूहिक प्रार्थना गरौं भन्यो भने मात्र सबै मिलेर प्रार्थना गर्नुपर्छ ।

यसैले व्यक्तिगत, पारिवारिक र मण्डलीसँगको प्रार्थनाको क्षेत्रमा अझ मूल्य चुकाउन लागिपरौं साथै एकअर्कालाई पनि उत्साहित गराऔं । प्रत्येक मंगलबार बिहान जागृति प्रार्थना भइरहेको छ । सबै प्रार्थनामा एकसाथ भेला भई प्रार्थनामा समय बिताऔं । यदि हामी प्राथना गर्ने क्षेत्रमा सेलाएका छौं भने आजैबाट शुरू गरौ (१ राजा १८:२०, यहोशू २२:१९, २९) ।

## जानकारी



तिलगंगा बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री रामचा देउला ७४ वर्षको उमेरमा माघ २४ गते/फरवरी ७ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



चितवन बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री सागर खाती २३ वर्षको उमेरमा माघ २५ गते/फरवरी ८ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **फागुन २७** March 11 | पाष्टर प्रेम श्रेष्ठ | श्रीमती सलोमी दों | श्री अमृत लामा | डीकन कृष्ण तामाङ्ग | श्री कृष्ण श्रेष्ठ | श्री उमेश मगर | एल्डर अष्ट श्रेष्ठ | एल्डर पिटर लिम्बू | डीकन सूर्य तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जोरविर राई |
| **चैत्र ४** March 18 | एल्डर पेशल राई | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | श्री तेज जिरेल | पाष्टर कर्ण तामाङ्ग | एल्डर बी.एन. पण्डित | एल्डर राजु श्रेष्ठ | श्री चन्द्र तामाङ्ग |
| **चैत्र ११** March 25 | पाष्टर प्रेम श्रेष्ठ | डीकन मोहन श्रेष्ठ | श्रीमती सावित्री नगरकोटी | डीकन कृष्ण तामाङ्ग | एल्डर राज गुरूङ्ग | एल्डर सागर थापा | श्री अमृत लामा | श्री कुमार सेन्चुरी | श्री प्रेम गुरूङ्ग | डीकन प्रशान्त सिंह | एल्डर जोरविर राई |
| **चैत्र १८** April 1 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | एल्डर छोेदेन कार्थक | एल्डर जोरविर राई |

# हार्दिक बधाई



माघ १६ गते/जनवरी ३० तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चका सदस्य सुश्री भक्तकला (कुसुम) राई र नेपाल इभान्जलिक ब्याप्टिसट कन्भेन्शन चर्च, पाँचथरको सदस्य श्री श्री दिपक जबेगुको नेपाल इभान्जलिक ब्याप्टिसट कन्भेन्शन चर्च, पाँचथरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ । बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं



फागुन ६ गते/फरवरी १८ तारिख, शनिबार नेइम ज्ञानेश्वर चर्चका सदस्य सुश्री विपना थापा मगर र नेपाल गस्पेल चर्च, कुसुन्तीको सदस्य श्री सानु थापा मगरको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

फागुन ७ गते/फरवरी १९ तारिख, आइतबार नेइम साँखु चर्चका सदस्य श्री रत्न तामाङ्ग र ससाह इशाई चर्च धादिङ्गको सदस्य सुश्री रूथ तामाङ्गको ससाह इशाई चर्च धादिङ्गमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

फागुन ११ गते/फरवरी २३ तारिख, बिहीबार नेइम साँखु चर्चका सदस्य श्री दीपक गौतम र कृपा मण्डली, सिन्धुपाल्चोकको सदस्य सुश्री अनिशा जि.सी.को कृपा मण्डली, सिन्धुपाल्चोकमा पवित्र विवाह सुसम्पन्न एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी

२०७९ फागुन २ गते/फरवरी १४ तारिख २०२३ मंगलबारका दिन नेइम TOC बाट एक वर्षे कोर्समा दिक्षित हुनुभएका ११८ जना विद्यार्थीहरूलाई बधाई दिँदै उहाँहरूको कोर्स सफलतापूर्वक पूरा हुनका लागि निरन्तर प्रार्थना गरिदिनुहने नेइम मण्डलीलाई नेइम TOC को तर्फबाट हार्दिह धन्यवाद छ साथै आउँदो फागुन २१ गते/मार्च ५ तारिक आइतबारदेखि शुरू हुन गइरहेको चौथौं वर्षको नेइम TOC को लागि निरन्तर प्रार्थना गरिदिनुहुन अनुराध गर्दछौं ।



ढाँडा गाउँ बस्नुहुने नेइम बालुवापाटी चर्चको सदस्य श्रीमती ठूली माया तामाङ्ग ७४ वर्षको उमेरमा फागुन १ गते/फरवरी १३ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

## फरवरी महिनाको कार्यक्रम

फागुन २४ गते/मार्च ८ तारिख बुधबार नेइम संयुक्त महिला संगति समय: बिहान १०:०० बजे, स्थान: नेइम ज्ञानेश्वर चर्च ।

चैत्र १ गते/मार्च १५ तारिख बुधबार उपवास प्रार्थना समय: बिहान १०:०० बजे, आ-आफ्नो मण्डलीमा ।

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता र मेल मिलाप मागिदिऔं ।

३. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

४. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २१ 5<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>एज्रा ७:९-१० | २८ 12<br>सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुँदै जान सकून् ।<br>कलस्सी २:६-७ | ५ 19<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई विश्वास गर्न सकून् ।<br>२ पत्रुस ३:८-९ | १२ 26<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको असल साक्षीद्वारा धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार**<br>Monday | २२ 6<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस् ।<br>यशैया ६२:६ | २९ 13<br>मण्डलीका सबै जवानहरू प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून् ।<br>भजनसंग्रह ११९:९ | ६ 20<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १३ 27<br>मण्डलीका सबै विश्वासीहरूको जीवन वचनमा आधारित भएको होस् ।<br>२ तिमोथी ३:१४-१७ |
| **मंगलबार**<br>Tuesday | २३ 7<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा र दाबी गर्दै परमेश्वरको महिमाको लागि आशिषित् भएर जिउन सकौं ।<br>२ पत्रुस १:३-४ | ३० 14<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दुःख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहनको साथै समाधानको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ४६:१-११ | ७ 21<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१०, याकूब १:५ | १४ 28<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ |
| **बुधबार**<br>Wednesday | २४ 8<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीहरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>मत्ती ५:१३-१६ | १ चैत्र 15<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिष्को कारण बन्न सकौं ।<br>१ थेसलोनिकी ५:११ | ८ 22<br>दुःख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १५ 29<br>नेइमअन्तर्गतका शाखा-आवद्ध साथै शुरू भएका संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् ।<br>मत्ती ९:३५-३८ |
| **बिहीबार**<br>Thursday | २५ 9<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासी-हरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | २ 16<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>यशैया ५७:१४-१९ | ९ 23<br>मण्डलीको चार खाँ बोः पुरुष, महिला, युवा, बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | १६ 30<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना बाल बालिकाहरू साथै छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९ |
| **शुक्रबार**<br>Friday | २६ 10<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलस्सी ३:१३-१७ | ३ 17<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>हिब्रू १२:१ | १० 24<br>मण्डलीका सबै वृद्ध/वृद्धाहरू तथा बेथानी आश्रममा बस्नुहुने बज्यैहरूका लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४९:११, ४६:३-४ | १७ 31<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैँ धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ कोरिन्थी १५:५८ |
| **शनिबार**<br>Saturday | २७ 11<br>सरकारी, इसाई, संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न काम व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | ४ 18<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>१ पत्रुस १:१५-१६ | ११ 25<br>परिवारका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून् ।<br>एफिसी २:१० | १८ April 1<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

**तैंले परमप्रभुको भय बुझ्नेछस् र परमेश्वरको ज्ञान प्राप्त गर्नेछस् । किनभने परमप्रभुले बुद्धि दिनुहुन्छ, र उहाँको मुखबाट ज्ञान र समझशक्तिका कुराहरू निस्कन्छन् । उहाँले ईमानदारको लागि आफ्नो भण्डारमा विजय साँचेर राख्नुभएको छ, जसको चाल निर्दोष छ तिनीहरूका लागि उहाँ ढाल हुनुहुन्छ, किनभने उहाँले न्यायको मार्ग रक्षा गर्नुहुन्छ, र आफ्ना विश्वासयोग्य भक्तजनहरूको बाटो सुरक्षित राख्नुहुन्छ । तब धार्मिकता न्यायसंगत र उचित के हो-साथै हरेक असल मार्ग के हो तैंले बुझ्नेछस् । किनभने बुद्धिले तेरो हृदयमा प्रवेश गर्नेछ, र ज्ञानचाहिँ तेरो प्राणको लागि आनन्ददायक हुनेछ । विवेकले तँमाथि हेरचाह गर्नेछ, समझशक्तिले तेरो रक्षा गर्नेछ । बुद्धिले तँलाई दुष्ट चालबाट र छली कुरा गर्ने मानिसहरूबाट जोगाउनेछ ।** **हितोपदेश २:५-१२**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,